सुनापति गाउँकार्यपालिकाको बैठक संख्या: ०४
आ.व.२०८१/०८२
मिति: २०८१ पौष ४ गते बिहीबार
समय: दिउँसो १:०० बजे
स्थान: सुनापति गाउँपालिका

आज मिति २०८१ पौष ४ गते विहीवारका दिन यस सुनापति गाउँपालिकाका अध्यक्ष श्री ठुलो कान्छा तामाङज्यूको अध्यक्षतामा यस सुनापति गाउँकार्यपालिकाको वैठक वसी तपसिल वमोजिमको निर्णय गरियो ।

उपस्थिति:

| | |
|---|---|
| १. श्री ठुलो कान्छा तामाङ | अध्यक्ष |
| २. श्री गीता विष्ट | उपाध्यक्ष |
| ३. श्री धुव प्रसाद चौलागाईं | सदस्य |
| ४. श्री पदम वहादुर थापा | सदस्य |
| ५. श्री कुल वहादुर थिङ | सदस्य |
| ६. श्री डन्डुप लामा | सदस्य |
| ७. श्री चित्र वहादुर मानन्धर | सदस्य |
| ८. श्री रीता कामि धमला | सदस्य |
| ९. श्री अविना लामा | सदस्य |
| १०. श्री सुनमाया तामाङ | सदस्य |
| ११. श्री हरि माया श्रेष्ठ | सदस्य |
| १२. श्री टासी लामा | सदस्य |
| १३. श्री मिन कुमार खाती | सदस्य |
| १४. श्री सुरेश कुमार श्रेष्ठ | सचिव |

अन्य उपस्थिति:

१५ श्री रन्जिता तामाङ - प्रशासन शाखा
१६ श्री श्रीराम ढुंगाना- फिल्ड सहायक (अध्यक्षज्यूको सचिवालय)

सुनापति गाउँपालिका, हिलेदेवी, रामेछाप

आ.व.२०८१/०८२ को छैठौं कार्यपालिका बैठक

पुष ४, २०८१

ने.स. ११४५ थिंलागा ४ विहिवार

| क्र.सं. | प्रस्तावहरु | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | विगतको कार्यपालिका बैठकको समीक्षा सम्वन्धमा। | अघिल्ला गाउँकार्यपालिकाको बैठकले पारित गरेका निर्णयहरुको कार्यान्वयन अवस्थावारे छलफल र समीक्षा गर्दै निर्णय कार्यान्वयनलाई अझ प्रभावकारी र समय सापेक्ष वनाउने निर्णय गरियो। |
| २ | कार्यविधि स्वीकृत सम्वन्धमा। | यस सम्वन्धमा छलफल गर्दा तपशिल वमोजिमको कार्यविधि स्वीकृत गरी राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो।<br>तपशिलः<br>क) सुनापति आधारभूत अस्पताल (१० शैया) सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१<br>ख) विद्यालय अनुदान व्यवस्थापन कार्यविधि, २०८१: यस कार्यविधि अनुसार नै विद्यालयको छात्रावास व्यवस्थापन अनुदान, विद्यालयको कार्यालय व्यवस्थापन अनुदान, विद्यालय सञ्चालन अनुदान, खेलकुदमा सहभागिताको लागि मा.वि.लाई अनुदान र परीक्षा व्यवस्थापनको लागि कक्षा ८ सञ्चालित विद्यालय अनुदान सुत्रमा प्रविष्टि गरी प्रदान गर्ने र अनुदान रकम खर्चको विवरण तथा विल भर्पाई आर्थिक वर्ष समाप्त हुनु एक महिना अगावै शिक्षा शाखा मार्फत गाउँपालिकामा पेश गर्ने। |
| ३ | सरुवा सहमति सम्वन्धमा। | यस सम्वन्धमा विस्तृत छलफल गर्दा यस गाउँकार्यपालिकाको कार्यालय अन्तर्गत वागमती प्रदेश लोकसेवा आयोगवाट खटिइ आएका र केही अवधि कामकाज गरे पश्चात सुगम स्थानीय तहमा सरुवा हुनका लागि सरुवा सहमति माग गर्ने स्थायी कर्मचारीको सरुवा सहमतिलाई तपशिल अनुसार व्यवस्थापन गर्ने निर्णय गरियो।<br>तपशिलः<br>क) यस सुनापति गाउँपालिकाको कार्यवोझ र स्वीकृत दरवन्दीको आधारमा कर्मचारीको पद पूर्तिको अवस्थालाई मध्येनजर गरेर मात्र प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका अध्यक्ष र उपाध्यक्षसँग आवश्यक समन्वय गरी सरुवा सहमति दिने।<br>ख) यस सुनापति गाउँपालिका अन्तर्गतको कार्यलयमा कम्तिमा ३ वर्ष सेवा अवधि पुरा गरेका कर्मचारीलाई मात्र सरुवा सहमति दिने साथै यसलाई व्यवस्थित गर्न कर्मचारी व्यवस्थापन सम्वन्धी कार्यविधि वनाई नियमित गर्ने।<br>ग) यस गाउँपालिकाम कर्मचारीको स्थायित्वको लागि स्थानीय भत्ता र प्रोत्साहन भत्ताको व्यवस्था गर्ने। |